वस्तुगत प्रश्नोत्तर

१. **चीनद्वारा सन् २०२१ मा मङ्गल ग्रहको अध्ययनका लागि पठाइएको झुरोङ रोभर कहिले मङ्गल ग्रहको सतहमा अवतरण भएको हो ?**

✍ सन् २०२१ मे १४



- करिब सात महिनाको अन्तरिक्ष यात्रापश्चात् सो रोभर मङ्गल ग्रहमा पुगेको ।
- पौराणिक अग्नि र युद्ध देवताको नामबाट नामकरण गरिएको झुरोङ रोभरको तौल २४० केजी रहेको ।
- चीनले यसअघि मङ्गल ग्रहको अध्ययनका लागि सन् २०२० जुलाई २३ मा तियान्वेन-१ अन्तरिक्ष यान त्यसतर्फ प्रक्षेपण गरेको ।
- हालसम्म ईयू, अमेरिका, यूके, रसिया, यूएई, जापान र चीनले मङ्गल अभियानका लागि यान पठाएका ।

२. **भारतको प्रतिष्ठित पद्मश्री पुरस्कारबाट सन् २०२१ मा सम्मानित हुनुहुने भारतका नेपालीभाषी साहित्यकार को हुन् ?**

✍ लीलबहादुर क्षेत्री

- भारतको आसाम राज्यस्थित गुवाहटीमा बस्दै आएका नेपाली भाषाका साहित्यकार लीलबहादुर क्षेत्रीलाई भारतका राष्ट्रपति रामनाथ कोविन्दद्वारा सन् २०२१ नोभेम्बर ८ मा सो सम्मान प्रदान गरिएको ।
- आख्यानकार, नाटककार, निबन्धकार, समालोचकका रूपमा समेत चर्चित क्षेत्रीको नेपाली भाषा साहित्यमा ठूलो योगदान रहेको ।
- उनले लेखेको उपन्यास 'बसाइँ' नेपालका विश्वविद्यालयमा समेत पठनपाठन हुने गरेको ।

३. **विद्युतीय राहदानीको परीक्षण वितरणको थालनी कहिलेदेखि गर्ने निर्णय भएको हो ?**

✍ वि.सं. २०७८ मङ्सिर १

- सन् २०२२ को सुरुवातसँगै नेपालमा औपचारिक रूपमा प्रचलनमा ल्याउन लागिएको विद्युतीय राहदानीको तयारी स्वरूप परीक्षण वितरण सुरु गरिएको राहदानी विभागले जनाएको ।
- विभागका अनुसार मङ्सिर १ गतेदेखि केही हप्ता विभागबाटै वितरण गरिने र सोपश्चात् प्रदेश तथा जिल्लास्तरमा विद्युतीय राहदानी वितरण गर्ने योजना रहेको ।
- गत वर्षको सेप्टेम्बर महिनामा फ्रान्सेली कम्पनीसँग सम्झौता गरी विद्युतीय राहदानी उत्पादन अघि बढाइएको थियो ।
- आईएसओ १९०३ मान्यताप्राप्त विश्वस्तरको तेस्रो जेनेरेसनको राहदानीका रूपमा विद्युतीय राहदानी रहेको ।
- नयाँ राहदानी वितरण भए पनि पुरानो एमआरपी राहदानीको म्याद नसकिएकाको हकमा म्याद रहुञ्जेल त्यही राहदानीलाई नै मान्यता दिइने ।

४. **२०७७ सालको मदन पुरस्कार कसलाई प्रदान गरियो ?**

✍ भगीराज इङनाम (लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह पुस्तकका लागि)

५. **२०७७ सालको जगदम्बाश्री पुरस्कार कसलाई प्रदान गरियो ?**

✍ नृत्यशास्त्री भैरवबहादुर थापा

६. **विश्व मधुमेह दिवस कहिले मनाइन्छ ?**

✍ नोभेम्बर १४

- (सन् २०२१ को नारा : मधुमेह उपचारमा पहुँच)

७. **हिमालपारिको जिल्ला मुस्ताङमा तीन दशकयताकै ठूलो हिमपहिरो कहिले गयो ?**

✍ वि.सं. २०७८ कात्तिक २८

- मुस्ताङको थासाङ गाउँपालिका क्षेत्रमा पर्ने टुकुचे हिमालमा सो हिमपहिरो गएको । हिमपहिरो करिब पाँच किलोमिटर तलसम्म आएको ।
- हिमपहिरो थासाङ गाउँपालिका-२, कोवाङसम्म आइपुग्ने डरमा भागदौड मच्चिँदा विद्यार्थी र स्थानीय गरी ११ जना घाइते भएका ।
- झन्डै आधा घण्टासम्म बगेको पहिरोले हिउँका चट्टान उर्लिएर तलसम्म खस्दा पहिरोमा परेर आधा दर्जन चौँरीगोठमा क्षति पुगेको साथै १५० भन्दा बढी चौँरी पुरिएको जनाइएको ।

८. **पद्मकण्ठगिरि कुन ठाउँको पौराणिक नाम हो ?**

✍ स्वयम्भू

९. **नेपालमा सामाजिक सुधार ऐन कहिलेदेखि लागू भएको हो ?**

✍ वि.सं. २०३३

१०. **सूर्यको किरणमा सात रङ हुन्छन् भनी पत्ता लगाउने वैज्ञानिक को हुन् ?**

✍ सर आइज्याक न्युटन (बेलायत)

११. **प्राथमिक रङमा कुन-कुन रङ पर्दछन् ?**

✍ रातो, नीलो र हरियो

१२. **प्यागोडा शैलीको सबैभन्दा पुरानो मन्दिर कुन हो ?**

✍ चाँगुनारायण

१३. **नवदुर्गा नाच कसले चलाएका हुन् ?**

✍ सुवर्ण मल्ल

१४. **व्यासीहरूले माघ महिनामा भैलो खेली मनाउने पर्व कुन हो ?**

✍ धवला

१५. **नइ प्रकाशनले आफ्नो रजत महोत्सवको अवसरमा 'महासमालोचक'को उपाधि र नइ रजत महोत्सव पुरस्कार कसलाई प्रदान गऱ्यो ?**

✍ प्रा.डा. वासुदेव त्रिपाठी

- त्रिपाठीलाई पाँच लाख रुपियाँ राशिसहित 'महासमालोचक' उपाधि र नइ रजत महोत्सव पुरस्कार प्रदान गरिएको ।
- सोही अवसरमा त्रिपाठीलाई एक लाख रुपियाँ राशिको नइ ईश्वर बराल पुरस्कार पनि प्रदान गरिएको ।
- त्यस्तै नइ रजत महोत्सव पदक शताब्दी पुरुष सत्यमोहन जोशी, प्रा.डा. महादेव अवस्थी, प्रा. केशव सुवेदी, प्रा.डा. लक्ष्मणप्रसाद गौतमलगायत ५० जनालाई समर्पण गरिएको ।
- भारतीय नेपाली साहित्यकार दुर्गाप्रसाद श्रेष्ठलाई नइ देरुनिख अन्तर्राष्ट्रिय पुरस्कार (दुई लाख रुपियाँ राशिसहित) प्रदान गरिएको ।
- चिकित्सक डा. गौरीशङ्करलाल दासलाई नइ भावी पुरस्कार, शङ्करनाथ रिमाललाई नइ कीर्तिनिधि पुरस्कार, मनिषा कोइरालालाई नइ भूपाल दुर्गा पुरस्कार, मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई नइ देरुनिख सुकीर्ति पुरस्कार एवं प्रा.डा. सोमप्रसाद पाण्डेलाई नइ चन्द्रधन पुरस्कार प्रदान गरिएको ।

१६. **सार्कको लोगो कुन देशका कलाकारले बनाएका हुन् ?**

✍ नेपाल (शैलेन्द्र महर्जन)

१७. **कालो अक्षर कृतिका लेखक को हुन् ?**

✍ कमलमणि दीक्षित

१८. **पृथ्वी प्रज्ञा पुरस्कार पाउने प्रथम साहित्यकार को हुन् ?**

✍ बालकृष्ण सम

१९. **मेट्रिक प्रणाली कुन देशबाट सुरु भएको हो ?**

✍ फ्रान्स

२०. **उधौली र उभौली कुन जातिले मनाउने पर्व हुन् ?**

✍ राई

२१. **छन्त्याल जातिको मुख्य बसोबास रहेको जिल्ला कुन हो ?**

✍ म्याग्दी

२२. **कुन ग्रहलाई रातो ग्रह भनी चिनिन्छ ?**

✍ मङ्गल

२३. **रामेछाप जिल्लाको ठोसे भन्ने ठाउँ कुन धातुका लागि प्रसिद्ध छ ?**

✍ फलाम

२४. **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा पाँचवटा प्रदेशमा इम्बोस्ड नं. प्लेट कहिलेदेखि अनिवार्य गर्ने निर्णय गरियो ?**

✍ वि.सं. २०७८ मङ्सिर १

- वि.सं. २०७८ मङ्सिर १ देखि नयाँ दर्ता हुने सवारीसाधनलाई इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरिएको ।
- त्यस्तै २०७८ फागुन १ देखि सवारी नामसारी गर्दा अनिवार्य इम्बोस्ड नम्बर लगाउनुपर्ने ।
- २०७९ जेठ १ देखि भने सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्दा इम्बोस्ड नम्बर प्लेट लगाउनुपर्ने ।
- मन्त्रालयका अनुसार इम्बोस्ड नम्बर प्लेट कार्यान्वयन सार्वजनिक सवारी, पर्यटन सवारी, निजी सवारी, सरकारी सवारी र संस्थानका सवारीलाई अनिवार्य गरिएको ।
- अहिले बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा यो कार्यान्वन हुने । प्रदेश १ र २ मा प्रदेशको नाम निश्चित नभएसम्मका लागि स्थगित गरिएको ।
- सङ्घीय व्यवस्थाअनुसार इम्बोस्ड नम्बर प्लेट जडान गर्ने काम प्रदेशको कार्यक्षेत्रमा पर्ने । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची २ को क्रमसङ्ख्या १४ ले दिएको अधिकार प्रयोग गरी प्रदेशअन्तर्गतका कार्यालयमा कार्यान्वयन हुने गरी राजपत्रमा सूचना प्रकाशित गरिएको ।

२५. **हावामा सबैभन्दा बढी पाइने तत्त्व (ग्यास) कुन हो ?**

✍ नाइट्रोजन

२६. **सुर्तीमा निकोटिन पाइन्छ भने कफीमा के पाइन्छ ?**

✍ क्याफिन

२७. **नेपालको मरुभूमि भन्नाले मुस्ताङलाई चिनिन्छ भने नेपालको श्रीलङ्का भन्नाले कुन ठाउँलाई चिनिन्छ ?**

✍ कोसीटप्पु

२८. **आर्थिक म्याग्नाकार्टा भनेर पनि चिनिने विश्व प्रसिद्ध कृति कुन हो ?**

✍ दी वेल्थ अफ नेसन

२९. **नेपालका शाहजहाँ भनेर कसलाई चिनिन्छ ?**

✍ खड्गशमशेर

३०. **विश्वकप टी-२० प्रतियोगिता (२०२१)को उपाधि कुन देशले जित्यो ?**

✍ अस्ट्रेलिया



सन्	विजेता	उपविजेता
२००७	भारत	पाकिस्तान
२००९	पाकिस्तान	श्रीलङ्का
२०१०	इङ्ल्यान्ड	अस्ट्रेलिया
२०१२	वेस्ट इन्डिज	श्रीलङ्का
२०१४	श्रीलङ्का	भारत
२०१६	वेस्ट इन्डिज	इङ्ल्यान्ड
२०२१	अस्ट्रेलिया	न्युजिल्यान्ड

- अस्ट्रेलियाले छिमेकी देश न्युजिल्यान्डलाई ८ विकेटले हराएर सो उपाधि हात पारेको ।
- सबैभन्दा बढी पाँच पटक एकदिवसीय विश्वकप जितिसकेको अस्ट्रेलियाले टी-२० संरचनाको विश्वकप भने पहिलो पटक जितेको ।
- विश्वकप टी-२० को सातौँ संस्करणको फाइनलमा टस हारेर पहिले ब्याटिङ गर्न पुगेको न्युजिल्यान्डले चार विकेटको क्षतिमा १७२ रन बनाएको थियो । अस्ट्रेलियाले सात बल बाँकी छँदै दुई विकेटको क्षतिमा १७३ रन बनाएर लक्ष्य हासिल गरेको ।
- टी-२० विश्वकप च्याम्पियन

प्रस्तुतकर्ता : टङ्क के.सी.

विषयगत प्रश्नोत्तर

नेपालको कर नीति

१. **नेपालले अवलम्बन गरेको कर नीतिका विशेषताहरू के के हुन् ? लेख्नुहोस् ।**

✍ कर नीतिले करको दर, दायरा, कर प्रशासन, कर सङ्कलन गर्ने प्रक्रिया, कर चुहावट नियन्त्रण, करको सदुपयोग आदिजस्ता विषयलाई समेट्दछ । नेपालले अवलम्बन गरेको कर नीतिका विशेषताहरू पनि यही विषयसँग सम्बन्धित छन् । नेपालमा कर नीतिको छुट्टै दस्तावेज छैन । आवधिक योजना र वार्षिक बजेटले नेपालको कर नीतिलाई निर्देशित गरेको पाइन्छ । नेपालको कर नीतिका विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- करको दर नबढाई दायरा विस्तारमा जोड,
- करको माध्यमबाट लगानीमैत्री वातावरण निर्माणमा जोड,
- करका नयाँ क्षेत्रको पहिचान गरी दायरा विस्तारमा जोड,
- राजस्व चुहावट, विदेशी विनिमय अपचलन एवं सम्पत्ति शुद्धीकरणका क्षेत्रको पहिचान गरी चुहावट नियन्त्रणमा जोड,
- कर प्रशासनलाई स्वच्छ, सरल, पारदर्शी, दक्ष एवं प्रविधियुक्त बनाई करदातामैत्री कर प्रशासनको अवधारणा लागू,
- कर सहुलियत एवं सुविधामा वृद्धि,
- स्वयंकर निर्धारण पद्धतिको अवलम्बन, आयकर र मूल्य अभिवृद्धि करमा स्वयंकर निर्धारण, मन्सारमा स्वयं घोषणा, अन्तःशुल्कमा मदिराजन्य वस्तुबाहेक अरू वस्तुमा स्वयं निष्कासन प्रणाली,
- आय आर्जनका सबै क्रियाकलापलाई आयकरको दायरामा ल्याइएको,
- अन्तःशुल्कलाई आन्तरिक राजस्वको आधार व्यापक गर्न उपयोग गरिएको,
- मूल्य अभिवृद्धि करलाई राजस्वको प्रमुख स्रोतका रूपमा विकास गरिएको,
- करको माध्यमबाट सामाजिक न्याय कायम गर्न जोड,
- लेखामा आधारित कर प्रणालीको अवलम्बन,
- राजस्व प्रशासनलाई स्वायत्त र प्रभावकारी बनाउन केन्द्रीय राजस्व बोर्ड गठन गरिने प्रतिबद्धता,
- नयाँ-नयाँ कार्यक्रमको घोषणा, आयको स्वयं घोषणा, कर सहभागिता वर्ष, कर कार्यान्वयन अभियान वर्ष, कर प्रणाली सुधार वर्ष, मङ्सिर १ गतेलाई राष्ट्रिय कर दिवसलगायतका कार्यक्रम,
- कर सदुपयोगको प्रत्याभूतिमा जोड,
- विदेशी लगानी बढाउन विभिन्न देशसँग दोहोरो करमुक्ति सम्झौता गरिएको ।

२. **योजना तर्जुमाका आधारहरू के के हुन् ?**

✍ योजना तर्जुमाका आधारहरू निम्न छन् :

- राज्यका निर्देशक सिद्धान्त र नीतिहरू,
- राष्ट्रको सामाजिक आर्थिक अवस्था,
- जनताका माग, अपेक्षा र आधारभूत आवश्यकता,
- साधनस्रोतको अवस्था,
- विगत योजनाको उपलब्धि,
- राष्ट्रिय उत्पादन र आयको स्थिति,
- राष्ट्रले बाह्य मञ्चमा गरेको प्रतिबद्धता,
- राष्ट्रका प्राथमिकताप्राप्त विषयहरू ।

३. **बसाइँसराइको अर्थ र प्रकारबारे जानकारी गराउनुहोस् ।**

✍ मानिस आफू बसेको गाउँ, ठाउँ वा देश छोडेर अर्को गाउँ, ठाउँ वा देशमा सर्ने कार्य बसाइँसराइ हो । मानिसहरू सामान्यतः सुविधाका लागि बसाइँ सर्दछन् । बसाइँसराइ एक निरन्तर प्रक्रिया भएकाले यसलाई पूर्णविराम लगाई रोक्न सकिँदैन तर व्यवस्थित नियन्त्रण गर्न सकिन्छ । यसलाई व्यवस्थित नियन्त्रण गर्न बसाइँसराइको उद्गम र गन्तव्य दुवै स्थानमा विकासका विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

- **बसाइँसराइका प्रकार**

- बसाइँसराइलाई विभिन्न आधारमा वर्गीकरण गरेको पाइन्छ । बसाइँसराइ सामान्यतया निम्न प्रकारका हुन्छन् :

- **(क) समयको आधारमा**
- **१. स्थायी बसाइँसराइ**

- १० वर्ष वा सोभन्दा बढीका लागि बसाइँसराइ हुने ।

- **२. अस्थायी बसाइँसराइ**

- ५ वर्षदेखि १० वर्षको अवधिसम्म बसाइँसराइ हुने, पुरानो स्थानसँगको सम्पर्क कहिलेकाहीं रहिरहन सक्दछ ।

- **३. मौसमी बसाइँसराइ**

- जाडो वा गर्मी छल्न सामान्यतया छ महिनासम्मका लागि बसाइँसराइ हुने, जन्मथलोको सम्बन्ध रहिरहने हुन्छ । हिमाली क्षेत्रका बासिन्दाले जाडो छल्न यस्तो बसाइँसराइ गर्दछन् ।

- **(ख) स्थानको आधारमा**
- **१. आन्तरिक बसाइँसराइ**

- देशभित्र हुने बसाइँसराइ, यस्तो बसाइँसराइ सामान्यतया निम्न प्रकारको हुन्छ :
- हिमाल/पहाडबाट तराईमा
- गाउँबाट सहरमा
- सहरबाट गाउँमा

- **२. अन्तर्राष्ट्रिय बसाइँसराइ**

- एक मुलुकबाट अर्को मुलुकमा हुने बसाइँसराइ अन्तर्राष्ट्रिय बसाइँसराइ हो । यस्तो बसाइँसराइ निम्नानुसार दुई प्रकारको हुन्छ :
- आप्रवास : एक मुलुकमा अर्को मुलुकको मानिस बसाइँ सरेर आउने कार्य आप्रवास हो । जस्तै : भारतीय नागरिक नेपालमा बसाइँसराइ गरी आएमा उनीहरू आप्रवासी हुन्छन् ।
- प्रवास : आफ्नो मुलुक छाडेर अर्को मुलुकमा बसाइँ सर्ने कार्य प्रवास हो । जस्तै : नेपाली नागरिक भारतमा बसाइँसराइ गरी गएमा उनीहरू प्रवासी हुन्छन् ।

४. **फोहोरमैला व्यवस्थापनका उपायहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**

✍ फोहोरमैला व्यवस्थापनका लागि निम्नलिखित उपायहरू अपनाउनुपर्छ :

- **क) फोहोरमैलाको कम उत्पादन गर्ने** : निम्नलिखित उपायहरूका माध्यमबाट फोहोरमैलाको उत्पादन कम गर्न सकिन्छ :

- वर्गीकरण : फोहोरमैला निस्केको स्थानमा नै यिनीहरूलाई कुहिने, नकुहिने र धातुगत आदिको समूहमा वर्गीकरण गरी सङ्कलन गर्ने व्यवस्था मिलाउनुपर्छ ।
- पुनर्प्रयोग : पुनर्प्रयोगमा ल्याउन सकिने वस्तुहरूलाई प्रशोधन गरी प्रयोगमा ल्याउनुपर्दछ ।
- पुनर्चक्रण : बिग्रेको प्लास्टिक तथा पोलिथिनका सामानहरूलाई सङ्कलन गरी कच्चा पदार्थका रूपमा प्रयोगमा ल्याउने गर्नुपर्छ । यस्ता वस्तुबाट पुनः उपयोगी सामानहरू उत्पादन गर्न सकिन्छ ।

- **ख) फोहोरमैला सङ्कलन गर्ने** : फोहोरमैलाको व्यवस्थापन गर्न फोहोरमैलाको सङ्कलन, स्थानान्तरण र प्रबन्ध व्यवस्थित किसिमबाट गर्ने प्रक्रिया अपनाउनुपर्दछ ।
- **ग) प्राङ्गारिक मल निर्माण गर्ने** : गाईवस्तुको मलमूत्र र जैविक फोहोरमैला मिसाई प्राङ्गारिक मल बनाउनुपर्दछ । यस्तो मल खेतीबालीका लागि निकै उत्तम हुन्छ ।

५. **खाद्य सम्प्रभुताका सिद्धान्त के के हुन् ? लेख्नुहोस् ।**

✍ खाद्य सम्प्रभुताको शब्दावली सर्वप्रथम सन् १९९६ मा भिया क्याम्पेसिनाका सदस्यहरूले प्रयोग गरेका थिए । भिया क्याम्पेसिना पारिवारिक खेतीमा आधारित दिगो कृषिका पक्षमा लाग्ने एसिया, युरोप, अमेरिका र अफ्रिकाका १४८ साना तथा मझौला किसान सङ्गठनहरूको सञ्जाल हो । यस संस्थाले सन् १९९९ देखि बजार निर्देशित कृषि सुधारका विरुद्ध विश्वव्यापी कृषि सुधारको आन्दोलन जारी राखेको छ । स्पेनी भाषाको शब्दावली भिया क्याम्पेसिनाको अर्थ हुन्छ : किसानको बाटो । सो सङ्गठनले आदिवासी, किसान, माछापालक, गाउँबासी, ग्रामीण युवा तथा वातावरणविद्को चासोका विषयमा खाद्य सम्प्रभुतासम्बन्धी सात सिद्धान्त निर्धारण गरेको छ, जुन यस प्रकार छन् :

- **क) खाना मानिसको आधारभूत आवश्यकता :**

- प्रत्येक मानिसले पूर्ण मर्यादासहित पर्याप्त गुणस्तर र परिमाणमा सफा, पोषणयुक्त तथा सांस्कृतिक रूपमा उपयुक्त खाना खान पाउनुपर्दछ ।

- **ख) कृषि सुधार :**

- जग्गाविहीन र खेती गर्ने मानिस खासगरी महिलालाई भूमिअधिकार स्थापित गर्ने खालको भूमिसुधार आवश्यक छ ।

- **ग) प्राकृतिक स्रोतको संरक्षण :**

- खाद्य सम्प्रभुताले जमिन, जल, बीउजस्ता प्राकृतिक स्रोतको संरक्षणलाई समावेश गर्दछ ।

- **घ) खाद्य व्यापारको पुनर्संगठन :**

- खाना पहिले पोषणको स्रोत हो र अनि मात्र व्यापारको वस्तु । यसर्थ खाद्यान्नको स्थानीय उत्पादनलाई यसको आयातले प्रभाव पार्नु हुँदैन ।

- **ङ) भोकमरीको विश्वव्यापीकरणको अन्त्य :**

- बहुराष्ट्रिय कम्पनी तथा संस्थाले खाद्यान्नको सम्प्रभुता तथा गरिमालाई घटाइदिएका छन् । यसर्थ आकर्षक तर घातक पुँजीको नियमन, नियन्त्रण तथा तिनलाई नियन्त्रण गर्ने कडा आचारसंहिताको आवश्यकता छ ।

- **च) सामाजिक शान्ति :**

- प्रत्येक मानिसिलाई हिंसाबाट मुक्त रहने हक छ । खानालाई कुनै हतियार बनाउन पाइँदैन र आदिवासी किसानमाथि जातिवाद लाद्न पाइँदैन ।

- **छ) प्रजातान्त्रिक नियन्त्रण :**

- हरेक तहका कृषि नीतिको तर्जुमामा सबै साना किसानको प्रत्यक्ष पहुँच सुनिश्चित हुनुपर्दछ ।

६. **राउटे जातिको छोटो परिचय दिनुहोस् ।**

✍ घना जङ्गलमा फिरन्ते जाति, एक ठाउँमा दुई महिनाभन्दा बढी नबस्ने, स्थायी बसोबास नभएको जाति,

- दाङ, सल्यान, जाजरकोट, सुर्खेत र कालीकोट जिल्लामा बसोबास,
- अत्यन्त पिछडिएको अल्पसङ्ख्यक जाति,
- खेतीपाती नगर्ने, बाँदरको सिकार गर्ने, जङ्गली कन्दमूल खाई जीवन गुजारा गर्ने,
- मानिस मरेपछि लासलाई बाँदर मार्ने जालले बेरेर गाड्ने चलन,
- राउत र साउत गरी दुई थर,
- राउटेको नाइकेलाई मानबहादुर भनिने,
- प्रकृति पूजा गर्ने,
- खाम्ची भाषा बोल्ने,
- हाडनातामा पनि विवाह गर्ने चलन,
- पिछडिएको यो जाति क्रमशः लोप हुँदै गएकोले संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ ।

७. **नेपालमा वैदेशिक व्यापारको महत्त्व उल्लेख गर्नुहोस् ।**

✍ नेपाल एक भूपरिवेष्टित, अल्पविकसित र कृषिप्रधान देश हो । यो देश विस्तारै औद्योगीकरणतिर पनि उन्मुख हुँदै छ । विभिन्न प्राकृतिक सम्पदामा धनी हुँदाहुँदै पनि यसको भू-धरातलीय अवस्थिति एवं आर्थिक अवस्थाका कारणले सबै उपभोग्य वस्तुका लागि आत्मनिर्भर हुन सक्दैन । उदाहरणका लागि यसको आफ्नो समुद्र र तेलखानी छैन । नुन र तेलजस्ता अति आवश्यक वस्तुहरू अन्य मुलुकबाट आयात गर्नुपर्छ । आधुनिक व्यापारको सिद्धान्तअनुसार कुनै एक देशले सम्पूर्ण वस्तुको उत्पादन नगरी सीमित वस्तुको उत्पादनमा विशिष्टता हासिल गरी नाफा कमाउने प्रयास गर्दछ । नेपालमा पाइने कच्चापदार्थ र उत्पादित कृषिजन्य वस्तुको निर्यात एवं अन्य दैनिक उपभोग्य वस्तु तथा विलासिताका वस्तुको आयातका लागि अन्तर्राष्ट्रिय व्यापार अनिवार्य छ । हाल नेपालको व्यापार घाटा चर्को छ । व्यापार सन्तुलन आफ्नो पक्षमा ल्याउनका लागि पनि वैदेशिक व्यापारलाई विस्तार गर्नु जरुरी छ । विश्व बजारको अभ्यास भइरहेको अवस्था र नेपाल विश्व व्यापार सङ्गठनमा प्रवेश गरिसकेकाले पनि वैदेशिक व्यापारको अनिवार्य आवश्यकता भएको हो । नेपालमा वैदेशिक व्यापारको महत्त्वलाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- आयात निर्यातमार्फत देशको आर्थिक विकासमा सहयोग पुग्ने,
- आर्थिक सङ्कट हुनबाट बच्न सकिने,
- व्यापारमा हुन सक्ने एकाधिकार अन्त्य हुने,
- आफ्नो देशमा उत्पादन हुन नसक्ने वस्तुहरूको सहज आपूर्ति हुने, जस्तै : नुन, सुन, पेट्रोलियम पदार्थ आदि ।
- उत्पादन प्रविधिमा सुधार गर्न सकिने,
- विदेशी पुँजी, प्रविधि प्राप्त गर्न सकिने,
- लगानीका लागि अनुकूल वातावरण तयार गर्न सकिने,
- अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्न सकिने,
- विश्व अर्थतन्त्रसँग आबद्ध हुन सकिने ।

८. **नेपालको पर्यटन क्षेत्रमा देखिएका समस्या के के हुन् ? लेख्नुहोस् ।**

✍ पर्यटनका लागि प्रमुख गन्तव्यस्थलका रूपमा अन्तर्राष्ट्रिय जगत्मा परिचित हुँदाहुँदै पनि नेपालको पर्यटन क्षेत्र देहायमा उल्लिखित विभिन्न समस्याले गर्दा राम्ररी फस्टाउन सकेको छैन :

- शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति नहुनु,
- पर्यटन पूर्वाधारहरूको समुचित विकास नहुनु,
- पर्यटकको उचित सुरक्षाको अभाव,
- पर्यटकीय क्षेत्रमा वातावरणीय प्रदूषणको समस्या,
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको उचित संरक्षणको अभाव,
- भरपर्दो हवाई यातायातको अभाव,
- होटल र आवाससम्बन्धी समस्या,
- यातायात र सञ्चारसम्बन्धी समस्या,
- बन्द, हड्ताल, आन्दोलन, चक्काजाम,
- आन्तरिक एवं ग्रामीण पर्यटनको विकास हुन नसक्नु,
- सरकार तथा निजी क्षेत्रबीच उचित समन्वयको अभाव,
- नयाँ पर्यटकीय क्षेत्रको पहिचान तथा विकास हुन नसक्नु,
- राजनीतिक अस्थिरता,
- उचित पदयात्रा र पथप्रदर्शकको अभाव,
- सक्षम, सुदृढ, प्रभावकारी एवं गतिशील पर्यटनसम्बन्धी व्यवस्थापनको अभाव ।

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा

SAMPLE QUESTION BANK